# बालविकास सहयोगी कार्यकर्ता व्यवस्थापन कार्यविधि, २०८०

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

रामप्रसादराई गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर

# बालविकास सहयोगी कार्यकर्ता व्यवस्थापन कार्यविधि, २०८०

प्रस्तावनाः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (ज) ले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी स्थानीय तहलाई दिएको अधिकार प्रयोग गरी यस गाउँपालिका क्षेत्रमा रिक्त हुने बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको रिक्त पदमा करारमा नियुक्तिका लागि सिफारिस गर्न रामप्रसादराई गाउँपालिकाले बालविकास केन्द्रका सहयोगी कार्यकर्ता नियुक्ति सम्बन्धी कार्यविधि बनाएको छ।

कार्यपालिकाबाट स्वीकृत मिति:२०८०/०१/३१
प्रमाणीकरण मिति:२०८०/०२/०१

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम "बालविकास सहयोगी कार्यकर्ता व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ।

ख) यो कार्यविधि प्रमाणीकरण भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "ऐन" भन्नाले रामप्रसादराई गाउँपालिकाको शिक्षा ऐन, २०७९ सम्झनु पर्दछ।

ख) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ सम्झनु पर्दछ।

ग) "विद्यालय" भन्नाले यस गाउँपालिकाभित्र सञ्चालित सामुदायिक वा संस्थागत विद्यालय लाई सम्झनु पर्दछ।

घ) "वि.व्य.स." भन्नाले विद्यालयको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ।

ङ "अध्यक्ष" भन्नाले विद्यालयको विद्यालय व्यवस्थापन समिति अध्यक्ष सम्झनु पर्दछ।

च) "संयोजक" भन्नाले विद्यालयको बालविकास सहयोगी कार्यकर्ता व्यवस्थापन कार्यविधि, २०८० मा व्यवस्था भएको छनौट समिति संयोजक सम्झनु पर्दछ।

छ) "शिक्षा शाखा प्रमुख" भन्नाले रामप्रसादराई गाउँपालिकाको शिक्षा शाखामा कार्यरत शाखा प्रमुख कर्मचारी सम्झनुपर्दछ।

ज) "सदस्य" भन्नाले विद्यालयको विद्यालय व्यवस्थापन समिति सदस्य र कार्यविधिमा व्यवस्था भएको छनौट समिति सदस्य सम्झनु पर्दछ।

झ) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्रधानाध्यापक सम्झनु पर्दछ ।

ञ) "शिक्षक" भन्नाले विद्यालयमा कार्यरत शिक्षक सम्झनु पर्दछ।

ट) "छनौट समिति" भन्नाले विद्यालयको बालविकास सहयोगी कार्यकर्ता व्यवस्थापन कार्यविधिः २०७९ मा व्यवस्था भएको छनौट समिति सम्झनु पर्दछ।

ठ) "सहयोगी कार्यकर्ता" भन्नाले प्रारम्भिक बालविकास केन्द्रमा काम गर्ने सहयोगी कार्यकर्ता सम्झनु पर्दछ।

**३. छनौट समिति सम्वन्धी व्यवस्था**

सहयोगी कार्यकर्ताको नियुक्तिका लागि सिफारिस गर्न देहाय वमोजिमको छनौट समिति रहनेछ।

क) सम्बन्धित विद्यालयको वि.व्य.स. अध्यक्ष - संयोजक

ख) गाउँपालिकको शिक्षा शाखा प्रमुख -सदस्य

ग) गाउँ कार्यपालिकाको कार्यालयले तोकेको विषय विज्ञ सूचीमा रहेकामध्ये दुई (२) जना - सदस्य

घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

**४. छनौट समितिको बैठक**

क) छनौट समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

ख) समितिको बैठक विद्यालयमा वा संयोजकले तोकेको स्थान, मिति र समयमा बस्नेछ।

ग) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले गर्नेछ।

घ) समितिको कुल सदस्य संख्याको ५० (पचास) प्रतिशत भन्दा बढी संख्याहरु उपस्थिति भएमा समितिका बैठकका लागि गणपुरक संख्या पुगेको मानिने छ।

ङ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले मत दिन सक्नेछ।

च) समिति बैठकको निर्णय समितिको बैठकको अध्यक्षता गर्ने व्यक्तिद्वारा प्रमाणित गरी राखिने छ।

छ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**५. समितिको काम, कर्तव्य र अधिकार**

क) नेपाल सरकारबाट प्राप्त वा गाउँपालिकाले सिर्जना गरेका वा विद्यालयले सिर्जना गरेका बालविकास सहयोगी कार्यकर्ताको पदमा करारमा नियुक्तिका लागि सिफारिस गर्ने।

ख) बालविकास सहयोगी कार्यकर्ता नियुक्तिका लागि लिइने परीक्षा सम्मन्धी कार्य गर्ने।

रामप्रसाद राई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

ग) उजुरी परेको अवस्थामा बाहेक नतिजा प्रकाशन गरेको छ महिना पछि परीक्षा सम्बन्धी कागजात धुलाउने।

**६. आरक्षण वा समावेशिता र पदको प्रकार**

क) रिक्त पदका लागि कुनै आरक्षण वा समावेशिताको व्यवस्था गरिने छैन।

ख) नेपाल सरकारले अर्को व्यवस्था नगरे सम्म हाललाई सहयोगी कार्यकर्ताको पद करार हुनेछ।

**७. न्युनतम शैक्षिक योग्यता सम्बन्धी व्यवस्था**

क) कम्तिमा एस.एल.सि. वा एस.ई.ई. उतिर्ण गरेको।

ख) १८ बर्ष पूरा भई ४० वर्ष ननाघेको। (महिला मात्र)

ग) नेपाली नागरिकता प्राप्त गरेको।

घ) ९० घण्टाको आधारभूत व्यवहारिक तालिम लिएको व्यक्तिलाई विशेष प्राथमिकता दिईने।

**८. नियुक्ति सम्बन्धी व्यवस्था**

क) रिक्त रहेको सहयोगी कार्यकर्ता पदमा व्यवस्थापन समितिले छनौट समितिको सिफारिसमा करारमा नियुक्ति गर्नेछ।

ख) दरखास्त आव्हानको सूचना प्रकाशन गर्नु अघि शिक्षा शाखाबाट पद रिक्त रहेको व्यहोरा प्रमाणित गराई अनुमति लिनुपर्नेछ।

ग) सहयोगी कार्यकर्ता पदपूर्ति गर्नको लागि आवश्यक विवरण खुलाई कम्तिमा ७ देखि १५ दिनको विज्ञापन वडा कार्यालय, गाउँपालिका र सम्बन्धित विद्यालयको सूचना पाटीमा टाँस गर्नुपर्नेछ। साथै सम्भव भएसम्म सबै प्रकारका माध्यमबाट सूचना प्रकाशन तथा प्रशारण गर्नुपर्नेछ।

घ) पदपूर्ति समितिको सिफारिस पश्चात सम्बन्धित विद्यालयले सहयोगी कार्यकर्ता नियुक्ति तथा हाजिरी गरेको जानकारी शिक्षा शाखालाई गराउनुपर्नेछ र शाखाले सोको अभिलेख राखेको प्रमाण विद्यालयलाई दिनुपर्नेछ।

ङ) उमेद्वारले शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र र निरोगिताको प्रमाणपत्रको प्रतिलिपि निवेदनका साथ पेश गर्नुपर्नेछ।

रामप्रसादराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

**९. पाठ्यक्रम**

क) छनौट समितिले लिने परीक्षाको पाठ्यक्रम परीक्षण प्रणाली तथा मूल्यांकन प्रक्रिया देहाय वमोजिम हुनेछ।

देहाय:

| क्र सं | विषय क्षेत्र | परीक्षाको प्रकार | अंक भार | प्रश्न संख्या | समय |
|---|---|---|---|---|---|
| १ | शिक्षाको परिचय: अर्थ, परिभाषा, स्वरुप, उद्धेश्य र कार्यहरु | | ८ | ४ | |
| २ | शिक्षा मनोविज्ञान<br>क) अर्थ, अवधारणा, आवश्यकता र महत्व<br>ख) मानव विकास: वृद्धि र विकासको अवधारणा, चरण र विशेषताहरु<br>ग) पूर्व वाल्यावस्था: विशेषता, परिवर्तन र रुचीहरु | | ८ | ४ | |
| ३ | सिकाई र उत्प्रेरणा<br>क) सिकाई: अर्थ, स्वरुप र प्रभाव पार्ने तत्वहरु<br>ख)उत्प्रेरणा:अवधारणा,आवश्यकता र विद्यार्थीमा उत्प्रेरणा जगाउने उपायहरु | | ८ | ४ | |
| ४ | शैक्षणिक योजना र शिक्षण विधि<br>क) शैक्षणिक योजना: अर्थ र आवश्यकता, वार्षिक कार्ययोजना, वार्षिक शैक्षणिक योजना, एकाई योजना र दैनिक पाठयोजना<br>ख) शिक्षण विधि: शिक्षक केन्द्रित, विद्यार्थी केन्द्रित र अन्तर्क्रियात्मक विधि | बस्तुगत बहुवैकल्पिक | ८ | ४ | ६० मिनेट |
| ५ | पाठ्यक्रम र विद्यार्थी मूल्याङ्कन<br>क) पाठ्यक्रम: अर्थ र महत्व<br>ख) निरन्तर विद्यार्थी मूल्याङ्कन: अर्थ, आवश्यकता र प्रयोग | | ८ | ४ | |
| ६ | शैक्षिक व्यवस्थापन र शैक्षणिक संगठन<br>क) कक्षाकोठा व्यवस्थापन: अवधारणा, आवश्यकता र महत्व<br>ख) शैक्षणिक संगठन: कक्षा शिक्षण, बहुकक्षा शिक्षण, विषय शिक्षण र मिश्रित शिक्षण | | ८ | ४ | |
| ७ | सूचना र सञ्चार प्रविधि<br>क) शिक्षण सिकाईमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | | ८ | ४ | |
| ८ | स्थानीय तह सम्बन्धी जानकारी<br>क) संगठन संरचना, निर्वाचित पदाधिकारी, प्रशासनिक विभाजन | | ८ | ४ | |
| ९ | नेपालको राजनैतिक, भौगोलिक अवस्था र बर्तमान घटनाक्रम सम्बन्धी सामन्य जानकारी | | ८ | ४ | |
| १० | विद्यालयमा हुने आर्थिक क्रियाकलाप: पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा आदि | | ८ | ४ | |
| ११ | नेपालको संविधान २०७२ (मौलिक हक) | | ८ | ४ | |
| १२ | शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९<br>क) प्रारम्भिक बालविकास केन्द्र सम्बन्धि व्यवस्था | | ८ | ४ | |
| १३ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहका शिक्षा सम्बन्धी अधिकारहरु | | ४ | २ | |
| | जम्मा | | १०० | ५० | |

## १०. परीक्षा ढाँचा

| क्र.सं | प्रश्नको प्रकार | प्रश्न संख्या | अंकभार | जम्मा पुर्णाङ्क | उत्तिर्णाङ्क | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वस्तुगत बहुवैकल्पिक | ५० | २ | १०० | ४० | |
| २ | शैक्षिक योग्यता तथा अन्तर्वार्ता | | | २५ | १० | |

(क) माथि उल्लेख गरिएको उतिर्णाङ्क अनुसार कुनै उम्मेदवार सफल नभएमा पुनःविज्ञापन गरी परीक्षा संचालन गरिनेछ ।

(ख) गलत उत्तर दिएबापत २० प्रतिशत अंक कट्टा हुनेछ ।
स्पष्टिकरण- लिखित परीक्षा र अन्तर्वार्ता मध्ये कुनै एक शीर्षकमा उतिर्णाङ्क प्राप्त नगर्ने उमेदवार स्वतः असफल भएको मानिनेछ ।

## ११. अन्तरवार्ता सम्बन्धी व्यवस्था

क) शैक्षिक योग्यता वापत सेवा प्रवेशका लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणी भए ३ अंक, द्वितीय श्रेणी भए २ अंक र तृतीय श्रेणी भए १ अंक दिइने छ ।

ख) माथिल्लो शैक्षिक योग्यताको प्रमाण पत्र भए प्रथम श्रेणी भए २ अंक, द्वितिय श्रेणी भए १ अंक दिइने छ ।

ग) शिक्षण अनुभव वापत प्रतिवर्ष १ अंकका दरले बढीमा ५ अंक प्रदान गरिनेछ ।

घ) अन्तरवार्ता वापत बढीमा १५ अंक दिइने छ । तर अन्तरवार्तामा अंक दिदा कुनै उमेदवारलाई ७० प्रतिशत भन्दा वढि र ३५ प्रतिशत भन्दा कम दिनु पर्ने भएमा त्यस्तो नम्बर दिनु पर्ने स्पष्टिकरण खुलाउनु पर्नेछ ।

## १२. योग्यताक्रम प्रकाशित गर्ने

क) छनौट समितिले लिखित प्रयोगात्मक र अन्तरवार्तामा प्राप्त गरेको अंक जोडी सवै परीक्षाबाट सफल भई सवबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारको नाम नियुक्तिको लागि सिफारिस गर्न योग्यताक्रम प्रकाशित गर्नेछ । त्यसरी प्रकाशित गर्दा उपलब्ध भएसम्म रिक्त पद संख्याको १०० प्रतिशतले हुने संख्यामा उमेदवारको नाम वैकल्पिक सूचीमा राख्नेछ ।

**१३. समितिले विद्यालयलाई नियुक्ति सिफारिस गरेको व्यक्तिलाई प्रधानाध्यापकले नियुक्त गरी हाजिरी गराउने छन् ।**

रामप्रसाद राई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैकुण्ठे, भोजपुर कोशी प्रदेश, नेपाल

## १४. वैकल्पिक उम्मेदवार नियुक्त गर्न सक्ने

क) छनौट समितिले सिफारिस गरेको उमेदवारले विद्यालयबाट सात (७) दिन भित्रमा नियुक्ति नलिएमा वा विद्यालयमा हाजिरी नभएमा।

ख) सिफारिस गरेको व्यक्तिको मृत्यु भएमा।

## १५. दरखास्त रद्ध वा सिफारिस बदर हुन सक्ने

क) कुनै उम्मेदवारले झुटा विवरण दिएको प्रमाणित भएमा वा परीक्षाको मर्यादा भंग गरेमा वा त्यस्तो कार्य गर्न उद्योग गरेमा छनौट समितिले त्यस्तो उमेदवारको दरखास्त रद्ध गर्न सक्नेछ।

ख) समितिबाट नियुक्तिका लागि सिफारिस भएको कुनै उम्मेदवार नियुक्ति दिन नपाउदै निज सिफारिस हुन नसक्ने कुनै प्रमाणिक कारण उपलव्ध भएमा छनौट समितिले त्यस्तो उम्मेदवार सिफारिस वदर गर्न सक्नेछ।

ग) कुनै उम्मेदवारले झुटो विवरण दिएको कुरा त्यस्तो उम्मेदवार सिफारिस गरिएको पदमा नियुक्ति भईसकेपछि थाहा हुन आएमा समितिले निज उपर विभागीय कारवाहीका लागि प्रधानाध्यापक समक्ष लेखिपठाउनु पर्ने छ।

## १६. उम्मेदवारको लागि अयोग्यता

क) गैर नेपाली नागरिक

ख) १८ वर्ष उमेर नपुगेको

ग) ४० वर्ष उमेर नाघेको

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसुरदार ठहरिएको

ङ) भविष्यमा सरकारी नोकरीका लागि अयोग्य ठहरिने गरी सेवाबाट वरखास्त गरिएको।

## १७. परीक्षण काल

क) नवनियुक्त सहयोगी कार्यकर्ताको परीक्षणकाल ६ महिनाको हुनेछ।

ख) उपदफा (क) बमोजिमको परीक्षणकालमा राखिएको सहयोगी कार्यकर्ताको काम सन्तोषजनक नभएमा निजलाई छनौट समितिले परीक्षणकाल भित्र जुनसुकै बखत सेवाबाट हटाउन सक्नेछ।

## १८. सहयोगीको काम कर्तव्य र अधिकार

क) समुदायमा ३ र ४ वर्ष उमेर पुगेका बालबालिकाहरुको खोजी गरी पूर्वप्राथमिक तथा शिशुविकासमा भर्ना गर्ने, तथा दिवा खाजाको व्यवस्थापन गर्ने।

ख) प्रचलित ऐन तथा नियमानुसारका कार्यहरु गर्ने।

ग) विविध खेल विधिहरुको माध्यमबाट बालबालिकाहरुको सर्वाङ्गिण विकासका कार्यहरु गर्ने।

राजाप्रसाद... गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

घ) विद्यालय प्रशासनले तोकेअनुसारका काम गर्ने ।

**१९. तलव भत्ता र चाड पर्व खर्च**

क) विद्यालयको शिक्षा नियमावली २०५९ को परिच्छेद २३ (क) को नियम १४४ (क) अनुसार नेपाल सरकारले निश्चित मापदण्डको आधारमा विद्यालयमा वार्षिक रुपमा उपलव्ध गराएको अनुदान र गाउँपालिकाले दरबन्दी सिर्जना गरेको हकमा गाउँसभा तथा कार्यपालिकाबाट तोकेबमोजिमको तलव भत्ता र चाड पर्व खर्च हुनेछ ।

ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयले चाहेमा विद्यालयको स्रोतबात तलव भत्ता सुविधा थप गर्न उपदफा (क) ले बाधा पुर्याउने छैन ।

**२०. सञ्चय कोष र विमा कोष**

क) नेपाल सरकारले सञ्चय कोष र विमा कोष उपलव्ध नगराए सम्म विद्यालयले सो कोष रकम जम्मा गर्न बाध्य हुने छैन ।

ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयले चाहेमा सञ्चय कोष र विमा कोष रकम जम्मा गरिदिन सक्नेछ ।

**२१. उपदान, निवृत्तिभरण र उपचार खर्च**

क) नेपाल सरकारले उपदान निवृत्तिभरण र उपचार खर्च अनुदान उपलव्ध नगराए सम्म विद्यालयले सो सुविधा उपलव्ध गराउने छैन ।

ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयले चाहेमा उपदान निवृत्तिभरण र उपचार खर्चको व्यवस्था गर्न सक्नेछ तर विद्यालयलाई कानुनले बाध्य पारेको मानिने छैन ।

**२२. निलम्वन वा नोकरीबाट हटाउने**

देहाय बमोजिमको कसुर गरेमा विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक को सिफारिस अनुसार निलम्वन वा नोकरीबाट हटाउन सक्ने छ ।

क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा

ख) आफ्नो जिम्मेवारी र दायित्व पूरा नगरेमा

**२३. स्वेच्छिक अवकाश**

क) सेवाबाट अवकाश लिने इच्छा गरी निवेदन दिएमा प्रधानाध्यपकले निजलाई जुनसुकै वखत सेवाबाट अवकाश लिने अनुमति दिन सक्नेछ ।

गाउँ कार्यपालिकाको कार्यालय
वैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

ख) उपदफा (क) अनुसार अवकाश पाएको सहयोगी कार्यकर्ताले नेपाल सरकारबाट पाउने आर्थिक अनुदान बाहेक विद्यालयबाट कुनै किसिमको सुविधा पाउने छैन । तर विद्यालयले चाहेमा यो नियमले बाधा पुर्याएको मानिने छैन ।

## २४. कार्यविधि संशोधन

गाउँकार्यपालिकाले आवश्यकता अनुसार कार्यविधि संसोधन गर्न सक्ने छ ।

## २५. कार्यविधि बमोजिम हुने

क) यस कार्यविधिमा उल्लेखित कुराहरु यसै कार्यविधि बमोजिम र अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुने ।

ख) यस अघि नियुक्त भएका सहयोगी कार्यकर्ताहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत

रामप्रसाद राई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल